# भुम्लु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र सं.: २०८१/०८२
चलानी नं.

मितिः २०८२।०२।११

## प्रस्ताव आह्वान गरिएको सूचना ।

यस गाउँपालिका भित्र अपाङ्गता भएका व्यक्तिका लागि बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको अपाङ्गता भएको व्यक्तिको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन कार्यविधि, २०८० परिच्छेद ३ को दफा ८ (क) मा उल्लेखित **बिउ पूँजी वितरण** कार्यक्रम अन्तर्गत अपाङ्गता भएको व्यक्तिहरुको जिविकोपार्जनमा टेवा पुर्याउनका लागि बाख्रा पालन तथा वितरण कार्यक्रम सञ्चालनको लागि तपशिल बमोजिमको योग्यता पुगेको इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस भुम्लु गाउँपालिकामा कार्यक्रम प्रस्तावना पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

**<u>तपशिलः</u>**

१. संस्था अपाङ्गता भएका व्यक्तिद्धारा सञ्चालित हुनुपर्ने र विधानमा सबै अपाङ्गता भएका व्यक्तिका लागि काम गर्ने उद्देश्य भएको हुनुपर्ने ।

२.संस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको र हरेक बर्ष नियमित नवीकरण गरेको हुनुपर्ने ।

३. संस्थाको आफ्नो कार्यालय र अधिकारिक सम्पर्क नम्बर, ईमेल ठेगाना भएको हुनुपर्ने ।

४. संस्था समाज कल्याण परिषदमा आबद्ध र नियमित नवीकरण भएको हुनुपर्ने ।

५. संस्था स्थानीय तहमा सूचिकृत भएको हुनुपर्ने ।

६. संस्थासंग अपाङ्गता क्षेत्रमा कम्तीमा २ बर्ष काम गरेको अनुभव हुनुपर्ने र नियमित लेखापरिक्षण गरेको हुनुपर्ने ।

७.संस्था वा संस्थामा काम गर्ने वर्तमान पदाधिकारी, कर्मचारी वा स्वयंसेवक कूनै लैङ्गिक तथा यौन दुर्व्यवहार भेदभाव जन्य कामहरु, भ्रष्टचार, गैरकानुनी काम वा कुनै प्रकारको फौजदारी कसुरको आरोप नलागेको वा कसुर ठहर नभएको हुनुपर्ने ।

**आवश्यक कागजातहरुः**

१. संस्था दर्ता नविकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको छायाँ कपी,

२. अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजातहरु,

३. संस्था समाज कल्याण परिषदमा आबद्ध भएको प्रमाण पत्र,

४. गत वर्षको वार्षिक लेखा प्रतिवेदन,

५. संस्थाको भौतिक पूर्वाधारको अवस्था ।

२०८२/०२/११

कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

**"सचेत र समृद्ध भुम्लुः हाम्रो गन्तव्य"**

E-mail: info@bhumlumun.gov.np, cad.bhumlumun@gmail.com
Website: www.bhumlumun.gov.np